चेलापन पाठ ४८

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय] उपदेशक ५ - ८

तपाईंलाई तोकिएको बाइबल खण्ड (उपदेशक ५,६,७ र ८) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट) [चेलापन] श्रेणी 'घ' को पुनरावलोकन

क. कण्ठ गरिएका बाइबल पदहरू पुनरावलोकन गर्ने तरिका

पहिले कण्ठ गरिएका बाइबल पदहरू पुनरावलोकन गर्ने भागहरू यी हुन्:

१. भर्खरै कण्ठ गरिएका बाइबल पदहरूको पुनरावलोकन गर्नुहोस्।

पुनरावलोकन गर्नु भनेको तपाईंले हरेक दिन एकपटक कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई दोहोऱ्याउनु हो। बाइबल पदहरू कण्ठ गर्ने र तिनीहरूलाई ठिकसँग उद्धरण गर्ने उत्तम तरिका भनेको दोहोऱ्याउनु नै हो। त्यसकारण, तपाईंले भर्खरै दिनमा एकपटक कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई ५ हप्तासम्म पुनरावलोकन गर्नुहोस्। यसरी हरेक नयाँ पदलाई 'पुन: पुनरावलोकन' गर्नुभन्दा पहिले तपाईंले त्यसलाई ३५ पटक पुनरावलोलकन गर्नुहुन्छ।

२. कण्ठ गरिएका पुराना बाइबल पदहरूलाई पुनरावलोकन गर्नुहोस्।

'पुन: पुनरावलोकन' गर्नु भनेको तपाईंले पहिले कण्ठ गर्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ तीन हप्तामा एकपटक पुनरावलोकन गर्नु हो। तपाईंले पहिले कण्ठ गर्नुभएका सबै बाइबल पदहरूलाई कण्ठ गर्ने उत्तम तरिका भनेको पुन: पुनरावलोकन गर्नु नै हो। त्यसकारण, पहिले कण्ठ गरिएका १०० वटा बाइबल पदहरूमध्ये ५ वटालाई हरेक दिन पुन: पुनरावलोकन गर्नुहोस्। यसरी तपाईंले पहिले कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक पुन: पुनरावलोकन गर्नुहुन्छ।

३. बाइबल पद लेखिएको कार्डलाई हातमा राख्नुहोस्।

हरेक दिन भर्खरै कण्ठ गरिएका ५ वटा बाइबल पदहरू र पहिल्यै कण्ठ गरिएका १०० वटा पदहरूमध्ये ५ वटा पदहरू लेखिएको कार्डहरूलाई दिनभरि आफ्नो हातमा राख्नुहोस्। ती पदहरूलाई पुनरावलोकन, मनन र प्रार्थना गर्नको निम्ति यात्राको समय र फुर्सदको समयलाई प्रयोग गर्नुहोस्।

४. ती पदहरूको परिशुद्धता जाँच्नुहोस्।

तपाईंले बाइबल पदहरूलाई ठिकसँग कण्ठ गर्नुभएको छ कि छैन भनी एक-अर्कालाई जाँच्नुहोस्। हरेक समूहको भेलामा दुई-दुई जना बसेर भर्खरै कण्ठ गर्नुभएको बाइबल पदलाई जाँच्नुहोस्। एकपटकमा दुई-दुई जना बसेर पहिल्यै कण्ठ गरिएका ५ वटा बाइबल पदहरूको एउटा श्रेणीलाई एकले -अर्कालाई जाँच्नुहोस्। त्यसो गर्दा उक्त खण्डको शीर्षक, बाइबल खण्ड र

सम्पूर्ण बाइबल पद एउटा पनि गल्ती नगरीकन भन्न सक्छ कि सक्दैन भनी एकले अर्कालाई जाँच्नुहोस्। सङ्केतको लागि कहिलेकाहिँ साथीलाई शीर्षक, कहिलेकाहिँ बाइबल खण्ड र कहिलेकाहिँ उक्त पदको सुरुका केही शब्दहरू भनिदिनुहोस्।

ख. दुई-दुई जना बसेर 'चेलापन'को बारेको बाइबल पदहरू पुनरावलोकन गर्नुहोस्।

१. प्रभुत्व : रोमी १२:१-२ - यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।

२. इन्कार : लूका ९:२३ - कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्।

३. सेवा : मर्कूस १०:४५ - किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।

४. दिनु : २ कोरिन्थी ९:६-७ - तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।

५. चेलाहरू बनाउनु : मत्ती २८:१९-२० - स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।

४	**बाइबल अध्ययन** (७० मिनेट) **[संसारमा जिउनु]** **(६) संसारमा अगुवापनको हस्तान्तरण : प्रेरित २०:१७-३८**

प्रेरित २०:१७-३८ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस् : संसारमा मण्डलीको अगुवापन हस्तान्तरण गर्नु।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर प्रेरित २०:१७-३८ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

खोज १ - सधैँ नै अगुवापन हस्तान्तरण गर्नुपर्ने समय आउँछ।
सधैँ यस्तो समय आउँदछ, जुनबेला अरू अगुवाहरू नयाँ कामको निम्ति जाँदा, उनीहरूका स्थानमा नयाँ इसाई अगुवाहरू छानिनैपर्छ र तिनीहरूलाई नियुक्त गरिनै पर्छ। एफिससको मण्डली प्रेरित पावलले स्थापना गरेका थिए (प्रेरित १९) अनि तिनले दुई वर्षको अवधि लगाएर उक्त मण्डली निर्माण गरेका थिए (प्रेरित १९:१०)। यहूदीहरूको सतावटको कारणले गर्दा आफू छिट्टै मर्छु होला भनी पावलले विचार गरे (प्रेरित २०:३,१९,२२-२३; २१:१०-१३) अनि सायद यो उनको लागि एफिससको अन्तिम यात्रा होला भनी सोचे (प्रेरित २०:२५,३८)। नयाँ इसाई अगुवाहरूको आवश्यक्ताहरूको सन्दर्भमा तिनीहरूका निम्ति आवश्यक कही अति महत्वपूर्ण सिद्धान्तहरू प्रेरित २० ले सिकाउँछ। तपाईंले नयाँ क्षमतावान इसाई अगुवा हेर्नुहुँदा, प्रेरित २० मा उल्लेखित विशेषताहरूलाई हेर्नुहोस्।

खोज २ - पुरानो अगुवाहरू नयाँ अगुवाहरूका निम्ति उदाहरण हुनुपर्दछ।
नयाँ अगुवाहरूलाई साधारणरूपमा चुनेर नियुक्त गर्नुहुँदैन। तिनीहरूलाई प्रार्थनासाथ छान्नुपर्छ, र यदि आवश्यक छ भने तालिम दिएर अन्तमा नियुक्त गरिनुपर्छ। पृथ्वीमा उहाँको सेवकाइलाई निरन्तरता दिने अगुवाहरू नियुक्त गर्नको लागि येशूले तिनीहरूलाई छान्न, तालिम दिन र नियुक्त गर्नको लागि दुईदेखि साढे तीन वर्षसम्म लगाउनुभयो। तर अति महत्वपूर्ण सत्यता के हो भने पुराना अगुवाहरूले आफ्नो उदाहरणद्वारा, भक्तिपूर्ण चरित्रद्वारा र सीपालु अगुवापनद्वारा नयाँ अगुवाहरूलाई तालिम दिनुपर्दछ (दाऊदको अगुवापनसँग तुलना गर्नुहोस्, भजन ७८:७२)।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
प्रेरित २०:१७-३८ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

प्रेरित २०:१७
प्रश्न १ - एल्डरहरूको योग्यताहरू के-के हुनुपर्दछ?
टिप्पणी - पवित्र आत्माले मण्डलीको एल्डरहरू हुनको निम्ति केही मानिसहरूलाई नियुक्त गर्नुभयो।

उनीहरूको योग्यताहरू यस प्रकारका छन्:

- उमेदवारहरू नयाँ जन्म पाएको हुनैपर्छ। नयाँ जन्म सधैँ पवित्र आत्माको काम हो (यूहन्ना ३:३-८)।
- उमेदवारहरू भर्खरै परिवर्तन भएका नयाँ विश्वासीहरू हुनुहुँदैन, तर तिनीहरू येशू ख्रीष्टका चेलाहरू हुनैपर्छ, जसको मतलब तिनीहरू परिपक्व, काम गर्ने खालका र दृढ इसाईहरू हुनुपर्छ (१ तिमोथी ३:६)।
- पहिलेदेखि नै मण्डलीमा सक्रिय मानिसहरू र तिनीहरूद्वारा परमेश्वरले पहिलेदेखि नै काम गरिरहनुभएको छ भनी प्रमाण दिने मानिसहरू नै एल्डरहरू हुनको निम्ति उत्तम उमेदवारहरू हुन् (लूका १६:१०; २ कोरिन्थी १०:१८; प्रेरित ६:३,५)। ती सम्भावित उमेदवारहरूका नाउँहरू प्रस्ताव गर्ने सदस्यहरू पनि नयाँ जन्म पाएका इसाईहरू हुनैपर्दछ (प्रेरित १:२१-२२; प्रेरित ६:३)
- एल्डरहरू छान्ने अथवा नियुक्त गर्ने काममा गैर-इसाईहरू सहभागी हुनुहुँदैन।

प्रेरितहरूले आफ्ना पत्रहरूमा यस्ता कुराहरू लेखेका छन्, जसले मण्डलीको एल्डरहरूमा हुनुपर्ने योग्यताहरूलाई स्पष्टसँग सिकाउँछन्। कुनै व्यक्तिको समाजमा भएको स्थान, शक्ति अथवा धन-सम्पत्तिजस्ता सांसारिक कुराहरूको आधारमा उसलाई कहिले पनि एल्डर छान्नु हुँदैन। एल्डरलाई सधैँ उसको व्यक्तिगत जीवन, पारिवारिक जीवन र येशू ख्रीष्टको निम्ति उसले गरेको सेवकाइको आधारमा छान्नुपर्छ।

(१) व्यक्तिगत जीवन र आचरणको सन्दर्भमा आवश्यक्ताहरू

केही यस्ता आवश्यक्ताहरू एक-एक गरी गनिएका छन्; जस्तै: ऊ दोष नलागेको, आत्मसंयमी, समझदार, आदरयोग्य, अतिथिसत्कार गर्ने, मद्यपान नगर्ने, हिंसात्मक होइन तर भद्र, झगडा नगर्ने, रुपैयाँ-पैसाको लोभ नगर्ने, घमण्ड नगर्ने र बाहिरका मानिसहरूको माझमा असल ठहरिएको हुनैपर्छ (१ तिमोथी ३:१-७)। ऊ दोषरहित, हैकम चलाउने, छिट्टै रसाउने, रक्सी पिउने, हिंसात्मक र बेइमानी गरेर फाइदा लिने व्यक्ति हुनुहुँदैन, तर अतिथि-सत्कार गर्ने, असल कुरालाई प्रेम गर्ने, आत्मसंयमी, इमानदार, पवित्र र अनुशासित हुनुपर्छ (तीतस १:५-९)। ऊ आफ्नो आचरण र विश्वासमा उदाहरण हुनैपर्छ (हिब्रू १३:७)। ऊ आफूलाई सुम्पिएका मानिसहरूलाई शासन गर्ने होइन तर उनीहरूलाई डोऱ्याउन इच्छुक हुनैपर्छ। ऊ नम्र भएर बगालको निम्ति नमुना हुनैपर्छ। छोटकरीमा भन्नुपर्दा, उसको चाहनाहरू र मिजासको सम्बन्धमा ऊ आत्मसंयमी हुनैपर्छ। रुपैयाँ-पैसाको सम्बन्धमा ऊ विश्वासयोग्य हुनैपर्छ अनि पैसा कमाउनको निम्ति लोभी हुनुहुदैन। सम्बन्धहरूको सन्दर्भमा ऊ नम्र हुनैपर्छ र अरूहरूमाथि शासन गर्नुहुँदैन। र उसको प्रभावको सन्दर्भमा, ऊ अरूहरूका सामु उदाहरण हुनैपर्छ (१ पत्रुस ५:१-५)।

(२) उसको परिवारको सन्दर्भमा आवश्यक्ताहरू

उसले विवाह गर्नैपर्छ भन्ने छैन, तर उसले अनुचित प्रेमलिला चाहिँ गर्नैहुँदैन। यदि ऊ विवाहित मानिस हो भने, आफ्नी पत्नीप्रति विश्वासयोग्यताको उदाहरण हुनुपर्दछ। यदि ऊ अविवाहित हो भने, सबै महिलाहरूप्रति शुद्धताको उदाहरण हुनैपर्छ। यदि उसको छोराछोरीहरू छन् भने तिनीहरूलाई ख्रीष्टमा विश्वास गर्ने मार्गमा र ख्रीष्टप्रति आज्ञाकारी हुन अगुवाइ गर्नैपर्छ र आफ्ना आमाबुबालाई आदर गर्न सिकाउनैपर्छ।

(३) उसको आत्मिक क्षमताहरूको सन्दर्भमा आवश्यक कुराहरू।

परिपक्वताको सन्दर्भमा भन्ने हो भने ऊ भर्खरै परिवर्तन भएको नयाँ तथा अपरिपक्व विश्वासी हुनुहुँदैन, तर परिपक्व इसाई (चेला) हुनुपर्छ। बाइबलको सन्दर्भमा भन्ने हो भने, उसले सही इसाई सिद्धान्तलाई बलियोसँग पक्रिनुपर्छ र उसको सेवाकाइको विभिन्न पक्षहरूमा बाइबललाई प्रयोग गर्न सक्षम हुनुपर्छ।

प्रेरित २०:१८-१९

प्रश्न २ - प्रेरित पावलको व्यक्तिगत अगुवापनको विशेषताहरू के-के हुन्?

टिप्पणी -

(१) इसाई अगुवाको हृदय हराएका मानिसहरूप्रति र अरू ठाउँहरूका मानिसहरूलाई प्रचार गर्ने उसको दर्शन हुन्छ।

पावल मण्डलीको साधारण इसाई अगुवा अथवा पास्टर मात्र थिएनन्, तर तिनी येशू ख्रीष्टको प्रेरित थिए। येशू ख्रीष्टले आफ्ना एघार प्रेरितहरू र प्रेरित पावललाई पृथ्वीमा विश्वव्यापी इसाई मण्डली स्थापना गर्न प्रयोग गर्नुभयो। प्रेरित पत्रुसले यहूदीहरूको माझमा (प्रेरित २), सामरीहरूका (अर्ध-यहूदीहरूका) माझमा (प्रेरित ८) र अन्यजातिहरूका (गैर-यहूदीहरूका) माझमा (प्रेरित १०) पहिलो मण्डली स्थापना गरे। मत्ती १६:१८ मा येशूले पत्रुसलाई भन्नुभएको शब्दहरूलाई ध्यान दिनुहोस्।

तर प्रेरित पावलले मण्डलीहरू पश्चिमी रोमी साम्राज्यभरि फैलाए अनि एसिया माइनर (टर्की), सिरिया (प्रेरित ९:३०; गलाती १:२१-२३; प्रेरित १३-१४), साइप्रस (प्रेरित १३), माकेडोनिया (प्रेरित १६), ग्रीस (प्रेरित १७-१९), इल्लुरिकन (अल्बानिया) (रोमी १५:१९), क्रेट (तीतस १), इटाली (रोमी १५:२३; प्रेरित १९:२१) र सम्भवत स्पेनमा (रोमी १५:२४,२८) पहिलो मण्डलीहरू स्थापना गरे।

(२) इसाई अगुवा आफूले जिउने र सेवा गर्ने तरिकाद्वारा उदाहरण बन्दछ।

इसाई अगुवाको शिक्षा र प्रचारभन्दा उसको आचरण र कामहरूले ठूलो स्वरमा बोल्दछ। ऊ अन्धकारमा ज्योति हुनैपर्छ, स्वादविहिन समाजमा नुन हुनैपर्छ र आफूले डोऱ्याउने मानिसहरूको सेवक हुनैपर्छ भनी येशूले सिकाउनुभयो (मत्ती ५:१४-१६; मत्ती २०:२५-२८)।

प्रेरित २०:२०-२७
प्रश्न ३ - प्रेरित पावलको व्यक्तिगत अगुवापनको कामहरू के-के हुन्?
टिप्पणी -

(१) इसाई अगुवाले बाइबलमा भएको परमेश्वरको समस्त इच्छा र योजनालाई प्रचार गर्दछ (प्रेरित २०:२७)।
इसाईहरूले कम्तीमा परमेश्वरको समस्त इच्छालाई जान्नुपर्दछ। नयाँ विश्वासीहरूले सुसमाचार र बाइबलको केही छानिएका भागहरूमात्र जान्नुहुँदैन, तर तिनीहरूले बाइबलमा उल्लेखित परमेश्वरको समस्त इच्छालाई पनि जान्नुपर्दछ। बाइबलको सन्देश एकता हो।

- **पुरानो करार**

इसाई अगुवाहरूले विश्वासीहरूलाई पुरानो करारबाट यी शीर्षकहरू सिकाउनुपर्दछ: बाइबलको स्वभाव, सृष्टि, मानिसको पापमा पतन, विश्वासीहरूको लागि परमेश्वरको मुक्ति (दासत्वबाट बाहिर निस्किएको), बाइबलभरि मसिहको वंशको क्रम, परमेश्वरको करार, मानिसको विश्वास, क्षमादान, व्यवस्था र अनुग्रह, बाइबलको ऐतिहासिक पुस्तकहरू, ईश्वरतन्त्रमा परमेश्वरको शासन, बाइबलमा कवितात्मक पुस्तकहरू, बाइबलमा अगमवक्ताको पुस्तकहरू, बाइबलमा इस्राएल र दानिएलको पुस्तकअनुसार संसारमा राज्यहरू आदि।

- **नयाँ करार**

इसाई अगुवाहरूले विश्वासीहरूलाई नयाँ करारबाट यी शीर्षकहरू सिकाउनुपर्छ: ख्रीष्टको जीवनी, ख्रीष्टको मृत्यु, ख्रीष्टको पुनरुत्थान, ख्रीष्टको प्रभुत्व (शासन), परमेश्वरको राज्य, इसाई समुदाय अथवा मण्डली (विश्वव्यापी र स्थानीय), इसाई वृद्धि, चेलाहरू बनाउनु, सेवकहरूलाई तालिम दिनु, अगुवाहरूलाई सुसज्जित पार्नु, इसाई स्त्री र पुरुषबीचको सम्बन्धहरू, आत्मिक युद्ध, पवित्र आत्माको व्यक्तित्व र कामहरू, मण्डलीमा गरिने कामहरूमा आत्मिक वरदानहरूको प्रयोग र येशू ख्रीष्टको दोस्रो आगमन आदि।

- **व्यवहारिक इसाई जीवन**

इसाई अगुवाहरूले विश्वासीहरूलाई कुनै कुरा जान्न र विश्वास गर्नको लागि मात्र सिकाउने होइन, तर सिकेको जस्तो हुन र सोअनुसार गर्न पनि सिकाउनुपर्दछ। तिनीहरूले परमेश्वरको वचनलाई व्यवहारिक प्रयोग गर्न सिकाउनुपर्दछ र इसाई चरित्र निर्माणको तालिम दिनुपर्दछ।

(२) इसाई अगुवाले इसाईहरूलाई सहायता मिल्ने कुराहरू प्रचार गर्दछ (प्रेरित २०:२०)।
इसाईहरूले सहायता मिल्ने कुनै पनि कुरा अधिकतमरूपमा जान्नुपर्दछ। विश्वासीहरूले काल्पनिक वंशावलीहरू र अगमवाणीहरू, मानिसले बनाएका दर्शनशास्त्रहरू, राजनैतिक सिद्धान्तहरू र कार्यक्रमहरू, अरू मानिसहरूको विरुद्धमा घृणा जगाउने कुराहरू, झूटा शिक्षकहरूको झूटा शिक्षाहरू अथवा आत्मिक सन्दर्भहरूको बारेमा मानिसहरूको व्यक्तिगत अवधारणाहरू सुन्नु हुँदैन। इसाई अगुवाहरू र शिक्षकहरूले आफूलाई राम्रोसँग तयार पार्नुपर्दछ, बाइबललाई बिस्तृत अनि गहनरूपमा व्याख्या गर्नुपर्दछ अनि मानिसहरूलाई सहायता मिल्ने र जे कुराले तिनीहरूलाई निर्माण गर्छ, सो तिनीहरूलाई सिकाउनुपर्दछ (एफिसी ४:२९)।

(३) इसाई अगुवाले मानिसहरूलाई सार्वजनिकरूपमा अनि घर-घरमा गएर सिकाउँछ (प्रेरित २०:२०)।
एल्डर बाइबल सिकाउन सक्ने सक्षम व्यक्ति हुनुपर्दछ (१ तिमोथी ३:२)। केही इसाई अगुवाहरूले मण्डलीमा सार्वजनिकरूपमा बाइबल सिकाउनेछन् (१ तिमोथी ५:१७) भने अरूहरूले विश्वासीहरूको घरमा गई सानो समूहहरूमा बाइबल सिकाउनेछन् (प्रेरित ५:४२; १७:१-४)।

(४) इसाई अगुवाले मानिसहरूलाई भेदभावबिना फर्केर विश्वास गर्नुपर्दछ भनी घोषणा गर्दछन् (प्रेरित २०:२१)।
इसाई अगुवाहरूले साधारणरूपमा अभिरुचि राख्ने मानिसहरूलाई भाषण दिँदैनन्, तर सुनेको सन्देशप्रति प्रतिक्रिया जनाउन तिनीहरूलाई चुनौति दिन्छन्। तिनीहरूले अविश्वासीहरूलाई एकमात्र परमेश्वरतिर फर्कन निमन्त्रणा दिन्छन् र त्यो काम तिनीहरूले पश्चातापी मन लिएर गर्न लगाउँछन्। त्यसको मतलब के हो भने अविश्वासीहरूले आफू पापी हुँ, हराएको छु अनि मुक्तिदाताको खाँचो छ भनी स्वीकार गर्दछन्। तिनीहरूले प्रभु येशू ख्रीष्ट, जो तिनीहरूको पापको निम्ति तिनीहरूको स्थानमा मर्नुभयो, जो तिनीहरूलाई नयाँ जीवन दिन मृत्युबाट पुनरुत्थान हुनुभयो, उहाँलाई विश्वास गर्न मानिसहरूलाई निम्तो दिन्छन्।

(५) इसाई अगुवा कैद र दु:ख-कष्ट भोग्न तयार भएको हुन्छ (प्रेरित २०:२२-२३)।

इसाई अगुवाहरूको बोलावट आफैमा कठिन कुरा हो। तर ख्रीष्ट र उहाँको राज्यको निम्ति दु:ख भोगाइमा ठूलो इनाम पनि छ। प्रभु येशू ख्रीष्ट, जो धार्मिक न्यायाधीस हुनुहुन्छ, उहाँले तिनीहरूलाई इनाम स्वरूप धार्मिकताको मुकुट दिनुहुनेछ (२ तिमोथी ४:८) अनि तिनीहरू प्रभु येशू ख्रीष्टको महिमाको हिस्सेदार हुनेछन्। यहाँ प्रभु येशू ख्रीष्टको महिमाले नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई बुझाउँछ, जहाँ धार्मिकता र धर्मी मानिसहरू बास गर्नेछन्! पुरानो स्वर्गलोक सुन्दर बगैँचा थिय, तैपनि त्यहाँ मानिसहरूले पाप गर्न सक्थे र साँच्चै तिनीहरूले पाप गरे (उत्पत्ति २:१५-१७; ३:६)! तर नयाँ पृथ्वी पुरानो स्वर्गलोकभन्दा निकै अगाडि छ! यसले नवीकरण भएको सारा पृथ्वीलाई ढाक्नेछ (प्रकाश २१:१-२), र येशू ख्रीष्टमा विश्वास गर्नेहरू मात्र त्यहाँ बास गर्नेछन् (प्रकाश २१:८,२७) अनि त्यहाँ मानिसहरूले कहिले पनि पाप गर्न अथवा मर्न सक्नेछैनन् (प्रकाश २१:४-५; यूहन्ना ११:२५-२६ सँग तुलना गर्नुहोस्)!

(६) साँचो इसाई अगुवा काम सिद्ध्याउने व्यक्ति हो (प्रेरित २०:२४)।

साँचो इसाई अगुवाले कहिल्यै आफ्नो काम हरेस खाएर परित्याग गर्दैन। परमेश्वरले सुम्पनुभएको काम पूरा नभएसम्म तिनीहरू दृढ रहन्छन् (यूहन्ना १७:४; यूहन्ना १९:३०; कलस्सी ४:१७)। तिनीहरूले आफ्नो आँखा विश्वासको लेखक र त्यसलाई पूरा गर्नुहुने येशू ख्रीष्टमा एक टकले लगाउँदै आफ्नो अगाडि राखिएको दौड दोडन्छन् (हिब्रू १२:१-२)।

प्रेरित २०:२८-३१

प्रश्न ४ - इसाई अगुवाहरूको कार्याभार विवरण के हो?

टिप्पणी - पोप, आर्कबिशप, बिशप, रेभरेण्ड, सेवक, पूजाहारी र पास्टरजस्ता आधुनिक इसाई अगुवाहरू नयाँ करारको क्यानोन (New Testament Canon) बन्द भएपछि मानवीय संस्थाहरूले नियुक्त गरेका पदहरू हुन्। तिनीहरूको नियुक्ति र तिनीहरूलाई प्रदान गरिएको अधिकार कुनै बाइबलीय आधार छैन। ख्रीष्टका प्रेरितहरूले संस्थागत गरेका अगुवाहरू भनेको 'एल्डहरू' मात्र हो र मण्डलीलाई 'एल्डरहरूको परिषद्'द्वरा अगुवाइ गरिनुपर्छ (२ तिमोथी ४:१४)। उक्त परिषद्मा दुईभन्दा बढी एल्डरहरू हुन्छन् र त्यहाँ एकजना मात्र अगुवा (पूजाहारी अथवा पास्टर) हुनुहुँदैन। एल्डहरूको कामहरू यस प्रकारका छन्:

(१) मानिसहरूको हेरचाह गर्नु।

एल्डरहरू विश्वासीहरूको गोठालाहरू (पास्टरहरू) हुनुपर्दछ र तिनीहरूले मण्डलीको क्रियाकलापहरू र सम्पत्तिहरूमा देखरेख गर्नुपर्दछ। गोठालाहरूले उदाहरण भई भेडाहरूलाई खुवाउनैपर्छ, डोऱ्याउनैपर्छ र सुरक्षा दिनैपर्छ।

(२) एक-अर्कालाई र सदस्यहरूलाई देखरेख गर्नु।

एल्डरहरूले एकअर्कालाई निगरानी गर्नैपर्छ। तिनीहरू मण्डलीका सदस्यहरूको आत्मिक र नैतिक सुस्वास्थ्यको लागि मात्र जिम्मेवार हुँदैनन्, तर अरू एल्डरहरूको आत्मिक र नैतिक सुस्वास्थ्यको लागि पनि जिम्मेवार हुन्छन्! त्यही कारणले गर्दा मण्डलीमा सधैँ एक जना भन्दा बढी एल्डरहरू हुनुपर्दछ! हरेक एल्डर आफ्नो जीवन र सेवकाइको निम्ति अरू एल्डरहरूप्रति जिम्मेवार र उत्तरदायी हुन्छन् (प्रेरित २०:२८)।

(३) झूटा शिक्षहरूबाट सुरक्षा गर्नु।

एल्डरहरूले मण्डलीका सदस्यहरूलाई झूटा अगमवक्ताहरू र झूटा शिक्षहरूबाट सुरक्षा गर्नुपर्दछ।

(४) आउनलागेको खतराको विरुद्धमा चेताउनी दिनु।

एल्डरहरूले मण्डलीका सदस्यहरूलाई आउन लागेको खतराको विरुद्धमा चेताउनी दिनुपर्दछ।

प्रेरित २०:३२-३५

प्रश्न ५ - इसाई अगुवाहरूलाई कसरी सहायता गरिनुपर्छ?

टिप्पणी -

(१) परमेश्वरले आफ्ना जनहरूको वास्ता गर्नुहुन्छ भनी मण्डलीले भरोसा गर्दछ (प्रेरित २०:३२)।

त्यतिबेला प्रेरित पावल आफूले वास्ता गरेका मानिसहरूलाई छोडर जाँदैगरेका भए तापनि तिनले तिनीहरूलाई त्यागेका थिएनन्। तिनले ती मानिसहरूलाई परमेश्वर र परमेश्वरको असीम अनुग्रहमा सुम्पिदिए ताकि जसरी परमेश्वरको प्रेरित तिनीहरूका माझमा हुँदा, उहाँले तिनीहरूको वास्ता गर्नुभएको थियो, त्यसरी नै उहाँले तिनीहरूको वास्ता गर्नुहुनेछ। तिनले तिनीहरूलाई बाइबलमा उल्लेखित परमेश्वरको वचनमा सुम्पिदिए, ताकि त्यसले तिनीहरूलाई निर्माण गरोस् र सबै

विश्वासीहरूका माझमा तिनीहरूलाई उत्तराधिकार पनि देऊन्। अबदेखि उसो एफिससको मण्डली आफ्नै खुट्टामा खडा हुनैपर्छ र अरूमाथि निर्भर हुनुहुँदैन (प्रेरित, मिसेनरी अथवा आमा मण्डलीबाट आएका मण्डली स्थापक)। तिनीहरूसँग जीवित परमेश्वर हुनुहुन्छ, जसले तिनीहरूलाई कहिल्यै त्याग्नुहुन्न (हिब्रू १३:५-६; मत्ती २८:२०)! तिनीहरूसँग आफ्नो साथमा ख्रीष्टको आत्मा हुनुहुन्छ (एफिसी २:२१-२२), तिनीहरूलाई निर्माण गर्न बाइबलमा भएको परमेश्वरको वचन छ र तिनीहरूलाई अगुवाइ गर्न एल्डरहरूको समूह (परिषद्) छ।

(२) अरूबाट सहायता पाउनु अगुवाको हक हो।

पावलले कहिलेकाहिँ अरू मण्डलीहरूबाट सहायता प्राप्त गरे तापनि (१ कोरिन्थी ९:६; फिलिप्पी ४:१५-१९), मण्डलीको कामकाजमा व्यस्त रहने एल्डरहरू दोहोरो आदरको योग्य हुन्छन् भनी तिनले शिक्षा दिए, जसको मतलब तिनीहरू आदर र पारिश्रमिक दुवैको योग्य हुन्छन्। विशेषगरी बाइबलबाट प्रचार गर्ने र सिकाउने एल्डरहरूको लागि यो लागु हुन्छ। खेताला आफ्नो ज्यालाको निम्ति योग्य हुन्छ (१ तिमोथी ५:१७-१८)। प्रभु येशूले आज्ञा गर्नुभएको छ, कि सुसमाचार प्रचार गर्नेहरूले आफ्नो जीविका सुसमाचारबाटै प्राप्त गर्न सक्छन् (१ कोरिन्थी ९:७-१४)। यद्यपि इसाई अगुवासँग सहायता पाउने हक भए तापनि, उसँग कुनै मण्डलीसँग सहायता माग गर्ने हक हुँदैन!

(३) सहायताबिना नै सेवा गर्न अगुवा स्वतन्त्र हुन्छ (प्रेरित २०:३३-३४)।

प्रेरित पावलले कुनै सहायता नमागीकन अथवा प्राप्त नगरीकन इसाई मण्डलीहरूको सेवा गरे। आफ्नो व्यक्तिगत खाँचोहरू पूरा गर्नुको साथै आफ्नो समूहका सहकर्मीहरूको खाँचोहरू पूरा गर्न पावलले आफ्नै हातले काम गरेकोमा तिनले घमण्ड गर्थे। पावलको निम्ति त्यसो गर्नु सम्भव थियो, किनभने त्यतिबेला झूटा प्रेरितहरू निस्केका थिए, जसले आफ्नो सेवाहरू पैसा लिएर मण्डलीहरूमा बेच्ने गर्थे (२ कोरिन्थी ११:१-१५; १ तिमोथी ६:५)। तिनी इसाईहरूको निम्ति यस्तो उदाहरण हुन चाहन्थे, कि तिनीसँग जे थियो, त्यो येशूबाट सित्तैमा पाएका थिए (१ कोरिन्थी ४:७) अनि आफूसँग जे छ, त्यो पनि अरूहरूलाई सित्तैमा दिए (मत्ती १०:८)। वास्तवमा भन्ने हो भने तिनी कुनै इसाई मण्डलीको निम्ति बोझ हुन चाहँदैनथे (२ कोरिन्थी ११:९)।

(४) खाँचो परेकाहरूलाई बाँडचुँड गर्नु अगुवाको जिम्मेवारी हो (प्रेरित २०:३५)।

इसाईहरूले चाहे सहायता प्राप्त गरून् अथवा आफ्नो ज्यालाको निम्ति काम गरून्, आफ्नो माझमा भएका खाँचोमा परेका विश्वासीहरूसँग बाँडचुँड गर्नु तिनीहरूको जिम्मेवारी हो (याकूब २:१४-१७; १ यूहन्ना ३:१६-१८)। इसाई अगुवाहरू यस क्षेत्रमा उदाहरण हुनुपर्दछ! यस विषयमा स्वयम् प्रभु येशू ख्रीष्टले भन्नुभयो, "लिनुभन्दा दिनु अझ आशिष्को कुरा हो" (प्रेरित २०:३५)।

प्रेरित २०:३६-३८

प्रश्न ६ - प्रेरित पावल र एफिससका इसाईहरूले एक-अर्कामा कसरी सम्बन्ध राख्थे?

टिप्पणी -

(१) प्रार्थनाको दृश्य बन्धनले तिनीहरूलाई एकसाथ बाँधेको थियो।

पावल त्यहाँबाट बिदा हुँदा, तिनीहरूले घुडा टेके अनि पावलले तिनीहरूको निम्ति प्रार्थना गरे।

(२) प्रेमको दृश्य बन्धनले तिनीहरूलाई एकसाथ बाँधेको थियो।

त्यसपछि तिनीहरू शोक गर्दै रोए अनि पावललाई अँगालो हालेर चुम्बन गरे।
मण्डलीको अगुवापन अरू एल्डरहरूलाई प्रदान गर्ने यो अति राम्रो तरिका हो।

चरण ४ - लागू गर्नु	**प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र प्रेरित २०:१७-३८ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

प्रेरित २०:१७-३८ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

२०:१७ आशिष् बाँडचुड गर्न, प्रार्थना गर्न र उनीहरूका कामहरूमा तालिम दिनको निम्ति महिनामा एकपटक एल्डरहरूलाई जम्मा गर्नुहोस्।

२०:१८ अगुवा हुनुभएकोले गर्दा आफूले प्रचार गरेको अथवा सिकाएको कुरा जीवनमा अभ्यास गर्नुहोस्।

२०:१९ अगुवा हुनुभएकोले गर्दा तपाईं सधैँ नम्र हुनुहोस्।

२०:२० सहायता नमिल्ने शीर्षकहरू कहिले पनि प्रचार नगर्नुहोस्।

२०:२१ श्रोताहरूलाई परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउन निमन्त्रणा दिँदै आफ्नो प्रचारलाई अन्त गर्नुहोस्।

२०:२३ इसाई अगुवाहरू प्राय: सतावट, कठिनाइ र कैद भोग्ने कुरामा प्रथम हुन्छन् भन्ने तथ्य स्वीकार गर्नुहोस्।

२०:२४ कामलाई सिद्ध्याउने व्यक्ति बनेर प्रभु येशू ख्रीष्टले तपाईंलाई तोकिदिनुभएको कामलाई सिद्ध्याउनुहोस् (यूहन्ना ४:३४; १७:४; १ कोरिन्थी ७:२४-२७; कलस्सी ४:१७; २ तिमोथी ४:७; हिब्रू १२:१-३ सँग तुलना गर्नुहोस्)।

२०:२५ "अनुग्रहको सुसमाचार" (प्रेरित २०:२४) र "राज्यको सुसमाचार" (प्रेरित २०:२५; ८:१२; २८:२३,३१) भनेको उस्तै कुरा हो भनी याद गर्नुहोस्।

२०:२७ मानिसहरूलाई परमेश्वरको पूर्ण इच्छा प्रचार गर्ने निधो गर्नुहोस्।

२०:२८ अगुवाको हैसियतले मानिसहरूको गोठालो हुनुहोस्, गतिविधिहरूको देखरेख गर्ने बन्नुहोस् र सङ्गी-एल्डरहरूलाई नियाल्नुहोस्।

२०:२९-३१ प्रभु येशू ख्रीष्टको बगाललाई ब्वाँसाहरूको (झूटा शिक्षकहरूको) विरुद्धमा सुरक्षा गर्नुहोस्।

२०:३१ उक्त बगाललाई झूटा शिक्षहरूको विरुद्धमा घरी-घरी चेताउनी दिनुहोस्।

२०:३२ अगुवापन हस्तान्तरण गर्दा, नयाँ अगुवाहरूलाई परमेश्वर, उहाँको अनुग्रह र उहाँको वचनप्रति समर्पित गर्नुहोस्।

२०:३३-३४ यदि सम्भव हुन्छ भने, आफ्नो र आफ्नो समूहका सहकर्मीहरूका खाँचोहरूको प्रबन्ध गर्न कहिलेकाहिँ काम गर्नुहोस्।

२०:३५ लिनुभन्दा दिनु अझ धन्यको कुरा हो भनी याद गर्नुहोस्।

२०:३६ प्रार्थना गर्दा, किहिलेकाहिँ घुडा टेकेर प्रार्थना गर्नुहोस्।

२०:३७ कहिलेकाहिँ आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरूप्रति साँस्कृतिकरूपमा उचित ढङ्गले प्रेम र स्नेह देखाउनुहोस्।

प्रेरित २०:१७-३८ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

म आफ्नो सबै प्रचार र शिक्षालाई यी दुई सीमाहरूभित्र राख्न चाहन्छु: एकातर्फ, बाइबलबाट केही प्रख्यात खण्डलहरू मात्र होइन, परमेश्वरको सम्पूर्ण इच्छा प्रचार गर्नुहोस् र सिकाउनुहोस्। अर्कोतर्फ, श्रोताहरूलाई सहायता नमिल्ने शीर्षकहरू कहिले पनि प्रचार नगर्नुहोस् र नसिकाउनुहोस्।

म जे कुरा प्रचार गर्छु, सो अभ्यास गर्न चाहन्छु। मेरो जीवन अनि मैले बोल्ने र मैले गर्ने सबै कुरामा र म जस्तो छु, त्यसमा विश्वासीहरूका निम्ति म उदाहरण हुनुपर्दछ। सधैँ मसँग प्रभाव हुन्छ भनी महसुस गर्दछु। गलत उदाहरण भएमा अथवा केही पनि नगरेमा मसँग नकारात्मक प्रभाव हुन्छ। ठिक उदाहरण भएर मानिसहरूलाई येशू ख्रीष्टजस्तो बनाउने कुराहरू गरेमा मसँग सकारात्मक प्रभाव हुन्छ। म परिवर्तन ल्याउने व्यक्ति हुन चाहन्छु। म चेला बनाउने व्यक्ति हुन चाहन्छु।

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

प्रेरित २०:१७-३८ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	अन्तरबिन्ती प्रार्थना अरूहरूको लागि प्रार्थना गर्नुहोस्

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति निरन्तर प्रार्थना गर्नुहोस्। (रोमी १५:३०; कलस्सी ४:१२)।

६	**गृहकार्यको तयारी** (२ मिनेट) अर्को पाठको निम्ति

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्।

अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा प्रेरित २०:१७-३८ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

२. परमेश्वरसँग व्यक्तिगत समय - मर्कूस १:१- ४:२० को आधा अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

३. पद कण्ठ गर्नुहोस् - पुनरावलोकन श्रेणी 'घ' - 'चेलापन' - (१) प्रभुत्व - रोमी १२:१-२, (२) इन्कार - लूका ९:२३, (३) सेवा - मर्कूस १०:४५, (४) दिनु - २ कोरिन्थी ९:६-७, (५) चेलाहरू बनाउनु - मत्ती २८:१९-२०

आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।

४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।

निरन्तर वृद्धि हुनु

१. शान्त समय

येशू ख्रीष्टसँग व्यक्तिगत सङ्गति गर्ने नियमित समय मिलाउनुहोस्। मनपर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस् (निर्देशिका १, परिशिष्ठ १ हेर्नुहोस्)। निर्देशिका १, परिशिष्ठ २ र ३ मा तपाईंले बाइबल पढ्ने कार्यक्रम र बाइबलमा चिन्ह लगाउने राम्रो विधि भेट्टाउनुहुनेछ। शान्त समय बिताउँदा टिप्पणीहरू बनाउने गर्नुहोस्।

२. बाइबल पद कण्ठ

तपाईंले बाइबल पढ्दा र अध्ययन गर्दा कण्ठ गर्नको निम्ति नयाँ बाइबल पदहरू छान्नुहोस्। महत्वपूर्ण बाइबल पदहरूलाई नियमितरूपमा कण्ठ गर्नुहोस् (निर्देशिका १, परिशिष्ठ ५ हेर्नुहोस्)। र हरेक दिन पहिले कण्ठ गरेको ५ वटा बाइबल पदहरू पुनरावलोकन गर्नुहोस्।

३. बाइबल अध्ययन

बाइबल अध्ययन गर्न थाल्नुहोस्। आफ्नै बाइबल पुस्तक लिनुहोस् र त्यसलाई अध्ययन गर्न बाइबल अध्ययन गर्ने पाँच चरणहरूको प्रयोग गर्नुहोस। पुरानो कुरारको केही पुस्तकहरू अध्ययन गर्नुभन्दा पहिले तपाईंले नयाँ करारको[52] केही महत्वपूर्ण पुस्तकहरू अध्ययन गर्नु राम्रो हुनेछ, किनभने पुरानो करारलाई नयाँ करारको प्रकाशको ज्योतिमा व्याख्या गर्नैपर्छ।

[52] उदाहरणको लागि यूहन्नाको सुसमाचार (www.betacourse.org) र रोमीको पत्र पहिले अध्ययन गर्नुहोस्।

४. प्रार्थना

हरेक हप्ता कुनै व्यक्ति अथवा कुनै विशेष कुराको निम्ति निरन्तर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजन ५:३)।

५. इसाई सङ्गति

मण्डलीको अरू इसाईहरूसँग निरन्तर भेट्ने गर्नुहोस् (घरेलु सङ्गतिमा अथवा मण्डलीको ठूलो सभामा)।

६. फल फलाउनु

रहिरहने थुप्रै फल फलाउन थाल्नुहोस् (यूहन्ना १५:५,८,१६)। येशू ख्रीष्टको गवाही दिनुहोस् (मत्ती १०:३२; १ पत्रुस ३:१५-१६ सँग तुलना गर्नुहोस्)। विभिन्न तरिकाले सुसमाचार प्रचार गर्नुहोस्। मानिसहरूलाई येशू ख्रीष्टको नजिक ल्याउनलाई प्रभाव पार्ने निधो गर्नुहोस्।

७. चेलापन

येशू ख्रीष्टलाई निरन्तर पछ्याउनुहोस्, उहाँबाट सिक्नुहोस् र उहाँको वचनहरू पालना गर्नुहोस् (मत्ती ७:२४-२७ सँग तुलना गर्नुहोस्)।

नयाँ समूहहरू सुरु गर्नुहोस्

विश्वासीहरूको समूहलाई तालिम दिने काम पूरा भएपछि तपाईंले दुई वटा कामहरू गर्नुहोस्:

१. डोटा चेलापन तालिम पूरा गरिसकेका मानिसहरूलाई आफ्नै डोटा चेलापन समूह सुरु गर्न लगाउनुहोस्।

तपाईंले तालिम दिनुभएको विश्वासीहरूको यो समूहलाई नयाँ विश्वासीहरूको आफ्नै सानो समूह सुरु गर्न चुनौति दिनुहोस्, जोहरू आत्मिकरूपमा वृद्धि हुन चाहन्छन्। उनीहरूलाई तालिम दिनको निम्ति ती मानिसहरूलाई यो पाठ्यक्रमको सम्पूर्ण अथवा एक भाग प्रयोग गर्न लगाउनुहोस्। ती सहभागीहरूलाई हरेक वर्ष तालिममा भाग लिन नयाँ समर्पण गर्न लगाउनुहोस्।

नयाँ चेलापन समूहका अगुवाहरूलाई नियमितरूपमा तालिम दिनुहोस् र उनीहरूलाई उत्साह पनि दिनुहोस्।

२. तपाईं आफैले नयाँ समूह सुरु गर्नुहोस्।

भर्खरै विश्वासमा आएका मानिसहरूको नयाँ समूह छान्नको निम्ति प्रार्थनासाथ विचार गर्नुहोस्। तिनीहरूलाई तालिम दिनको निम्ति यो पाठ्यक्रमको पूरा अथवा केही भागलाई प्रयोग गर्नुहोस्। यो पाठ्यक्रममा तीन भागहरू छन्:

जाओ र चेलाहरू बनाओ	निर्देशिका १ देखि ४ मा भएका चेलापनसम्बन्धी ४८ पाठहरू
जाओ र ख्रीष्टको मण्डली निर्माण गर	निर्देशिका ५ देखि ८ मा भएका मण्डलीसम्बन्धी ४८ पाठहरू
जाओ र परमेश्वरको राज्य प्रचार गर	निर्देशका ९ देखि १२ मा भएका राज्यसम्बन्धी ४८ पाठहरू